प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

सचिव बैठक
मिति २०७७/६/२१

निर्णयहरू:-

१. चालु आर्थिक बर्ष २०७७/७८ मा प्रदेश सरकारका मन्त्रालय र मातहतका निकाय/कार्यालयहरूबाट कार्यान्वयन भईरहेका कार्यक्रमहरूको प्रगति स्थिति, कार्यान्वयनको क्रममा देखिएको समस्याहरूको सम्बन्धमा जानकारी भयो ।

२. प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०६/०७ को निर्णयानुसार ब्यास गाउँपालिका विशेष कार्यक्रम अन्तरगत संचालन हुने क्रियाकलापहरूको कार्यान्वयन योजना बनाई तत्काल गर्नुपर्ने क्रियाकलापहरू यथासिघ्र कार्यान्वयनमा ल्याई सोको जानकारी यस कार्यालयमा दिने।

३. चालु आर्थिक बर्ष २०७७/७८ को बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमा कोभिड-१९ रोगको कारण पर्न सक्ने प्रभावलाई विश्लेषण गरी कार्यक्रम कार्यान्वयनको बैकल्पिक कार्ययोजना बनाउने ।

४. कर्मचारीको अध्ययन विदा पूर्वस्वीकृति र समायोजन संशोधनका लागि सहमति लगायतका विषयहरूका सम्बन्धमा मन्त्रालयहरूले निश्चित मापदण्ड बनाई सिफारिस गर्ने गराउने ।

५. पूर्ववत बैठकबाट भएको निर्णय बमोजिम मन्त्रालयका सचिवले माननीय मन्त्रिज्यूसमक्ष कार्यसम्पादन सम्झौता गरी नसकेको हकमा एक हप्ताभित्र सम्झौता गरी यस कार्यालयमा जानकारी दिने ।

६. संगठन तथा ब्यवस्थापन सर्भेक्षण सम्बन्धमा मन्त्रालयहरू र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपूरको विचमा भएको अप्रत्यक्ष अन्तरक्रिया कार्यक्रममा उठान भएका विषयहरू तथा सर्भेक्षणको प्रारम्भिक मस्यौदाउपर दिइएको रायसुझावहरू लिखित रूपमै यस कार्यालय र प्रतिष्ठानमा उपलब्ध गराउने ।

७. सूचनाको हकसम्बन्धी ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सूचना अधिकारी तोक्ने र ३/३ महिनामा स्वतःप्रकाशन गर्नुपर्ने विषयवस्तु गर्ने गराउने ।

८. मन्त्रालयहरूले नियमित रूपमा वेवसाइट अद्यावधिक गर्ने ।

९. मन्त्रालयस्तरबाट स्वीकृत मापदण्ड, कार्यविधि लगायतका कानूनहरू प्रदेश सभामा अनिवार्य रूपमा पठाउने व्यवस्था गर्ने गराउने ।

१०. प्रदेश मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने प्रस्तावको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा मन्त्रालयको राय अनिबार्य रूपमा समावेश गर्ने, सम्बन्धित मन्त्रालयको सचिवले निर्णय गर्नुपर्ने व्यहोराको पुष्ट्याँई, पर्ने प्रभाव, लाभग्राहीको सन्तुष्टी, अर्थतन्त्रमा पर्ने प्रभाव समेत स्पष्ट खुलाई टिप्पणीसहित मन्त्रिपरिषद् प्रस्ताव पठाउने व्यवस्था गर्ने गराउने ।

११. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट बक्तव्यको बुँदा नं.१९३ र आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७७/०४/०१ को बजेट कार्यान्वयनको मार्गदर्शनको बुँदा नं.२७ अनुसार कार्यविधि, निर्देशिका, मापदण्ड स्वीकृत गरी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

२०७७।६।२१

प्रमुख सचिव